नेपाल राष्ट्र बैंक
राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाण्डौं

## नागरिक बचतपत्र २०८२ निष्काशन सम्बन्धी सूचना

नेपाल सरकारको तर्फबाट राष्ट्र ऋण व्यवस्थापन विभागद्वारा देहाय बमोजिमका विशेषता एवम् व्यवस्था कायम गरी नागरिक बचतपत्र २०८२ निष्काशन गरिने भएकोले इच्छुक नेपाली नागरिकहरुले बचतपत्र खरीद गर्नको लागि आवेदन दिनुहुन अनुरोध छ ।

**१. विशेषताहरु**

| | | |
|---|---|---|
| (क) बचतपत्रको नाम | : | नागरिक बचतपत्र २०८२ (५ वर्षे) । |
| (ख) निष्कासन हुने रकम | : | रु. ४ अर्ब (चार अर्ब रुपैयाँ मात्र) । |
| (ग) वार्षिक ब्याजदर | : | ९ प्रतिशत (ब्याजकर लाग्ने) । |
| (घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा हुने । |
| (ङ) खरिद गर्न पाउने सीमा | : | घटिमा दश हजार रुपैयाँ र बढीमा कुल निष्काशित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा नि:शेष भाग जाने अंकमा । |
| (च) लगानी (खरिद) कर्ता | : | नेपाली नागरिकले मात्र खरिद गर्न सक्ने । |
| (छ) धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थावाट कर्जा लिन/दिन सकिने । |

**२. बिक्री, निष्काशन र साँवा भुक्तानी**

| | | |
|---|---|---|
| (क) बिक्री खुला हुने अवधि | : | २०७७ जेठ १ गतेदेखि जेठ २१ गतेसम्म । |
| (ख) निष्कासन मिति | : | २०७७ जेठ २५ गते । |
| (ग) साँवा भुक्तानी मिति | : | २०८२ जेठ २५ गते । |

**३. अन्य व्यवस्था**

| | | |
|---|---|---|
| (क) आवेदन फारम | : | आवेदन फारम बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र नेपाल राष्ट्र बैंकका काठमाण्डौं उपत्यका बाहिरका कार्यालयहरुबाट नि:शुल्क पाइने । यस बैंकको वेब साइट www.nrb.org.np मा Public Debt बाट डाउनलोड पनि गर्न सकिने । |
| (ख) आवेदन फारम बुझ्ने कार्यालयहरु | : | यो नागरिक बचतपत्रको आवेदन फारम बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र काठमाण्डौं उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालयहरुमा बुझाउन सकिने । (बजार निर्माताहरुको सूची यस बैंकको वेबसाईट http:// www .nrb.org.np मा Public Debt अन्तर्गत उपलब्ध रहेको) |
| (ग) ब्याज भुक्तानी लिने स्थान | : | आफूलाई पायक पर्ने वाणिज्य बैंकहरु, बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र काठमाण्डौं उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालयहरु । |
| (घ) खण्डित अवधिको ब्याज | : | खरिदको लागि रकम बुझाएकै मितिदेखि निष्काशन मितिभन्दा अघिल्लो दिनसम्मको तोकिएको ब्याजदरमा खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने । |
| (ङ) वचतपत्रको किसिम | : | स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सकिने । स्टक वा प्रमिशरी नोट मध्ये आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवेदन फारममा खुलाउनु पर्ने । नखुलाइएको अवस्थामा प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराइने । लेखपढ गर्न नजान्ने व्यक्तिलाई स्टक प्रमाणपत्र उपलब्ध गराइने । |
| (च) आवेदन साथ पेश गर्नुपर्ने कागजात | : | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नाबालकको नाममा वचतपत्र खरिद गर्ने भएमा संरक्षकको नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने । लेखपढ गर्न नजान्ने व्यक्तिले आवेदन साथ उपरोक्त कागजातका अलावा आफ्नो २ प्रति पासपोर्ट साईजको फोटो समेत पेश गर्नुपर्ने । |
| (छ) अस्वीकृत आवेदनकर्ताको | : | रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनसाथ जम्मा हुन आएको रकम बिना ब्याज |

Scanned with CamScanner

| | | |
|---|---|---|
| रकम भुक्तानी | | निष्कासन मितिको ७ दिनभित्र फिर्ता गरिने । |
| (ज) बाँडफाँट सम्बन्धी व्यवस्था | : | खुला बजार संचालन समितिको निर्णय बमोजिम हुने । |
| (झ) थप जानकारी | : | यस विषयमा थप जानकारीको लागि राष्ट्र ऋण व्यवस्थापन विभाग वा बजार निर्माताहरु वा नेपाल राष्ट्र बैंकका काठमाण्डौं उपत्यका बाहिरका कार्यालयहरुमा सम्पर्क राख्न हुन वा यस बैंकको वेबसाइट http://www.nrb.org.np मा Public Debt भित्र हेर्नु हुन वा फोन नं. ०१-४४४३८७१/२३६ मा सम्पर्क राख्नु हुन अनुरोध छ । |

**नोट:** यसै सूचनालाई आधार मानी नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालय र सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न यस बैंकबाट इजाजतपत्र लिएका बजार निर्माताहरुले उक्त बचतपत्रको बिक्री वितरण बैंकको वेबसाइटमा राखिएको नागरिक बचतपत्रको बिक्री प्रक्रिया अनुसार गर्न गराउन हुन अनुरोध छ ।

Scanned with CamScanner

# नेपाल राष्ट्र बैंक
## राष्ट्रऋण व्यवस्थापन विभाग

# नागरिक बचतपत्रको प्राथमिक बिक्री प्रक्रिया

(क) <u>निष्कासन तथा बिक्री</u>

१. नागरिक बचतपत्र बिक्रीको लागि राष्ट्रऋण व्यवस्थापन विभागबाट निश्चित अवधि तोकी बिक्री खुला गरिन्छ। खरिदकर्ताले सोही अवधिभित्र खरिदको लागि आवेदन दिनु पर्दछ।

(ख) <u>खरिदकर्ता</u>

२. नागरिक बचतपत्र सर्वसाधारण नेपाली नागरिकले मात्र खरिद गर्न सक्दछन्।

(ग) <u>बिक्री गर्ने कार्यालयहरु</u>

३. राष्ट्रऋण व्यवस्थापन विभागबाट बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र ती बजार निर्माताका देशभरका शाखा कार्यालयहरु मार्फत नागरिक बचतपत्रको बिक्री गरिन्छ।

*नोट : बजार निर्माताको सूचि अनुसूचि-४ मा दिइएको छ। उक्त सूचि यस बैंकको वेबसाइट www.nrb.org.np अन्तर्गत Public Debt भित्र पनि हेर्न सकिन्छ।*

(घ) <u>आवेदन फारम पाइने स्थान</u>

४. नागरिक बचतपत्रको आवेदन फारम बचतपत्र बिक्री गर्ने बजार निर्माताका कार्यालय मार्फत निःशुल्क रुपमा प्राप्त गर्न सकिन्छ।

५. उक्त आवेदन फारम अनुसूचि-१ मा पनि उपलब्ध छ।

(ङ) <u>आवेदन फारम भर्ने तरिका</u>

६. इच्छुक खरिदकर्ताले नागरिक बचतपत्र खरिद गर्नको लागि अनुसूचि-१ बमोजिमको दुईप्रति आवेदन फारम र अनुसूचि-२ बमोजिमको स्व-घोषणा फारम भरी पेश गर्नुपर्दछ।

७. फारममा खरिद गर्न चाहेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्दछ।

८. नागरिक बचतपत्रको प्रमाणपत्र प्रमिशरी नोट वा स्टकको रुपमा उपलब्ध गराइने भएकोले आवेदन फारममा सोही बमोजिम विवरण भर्नु पर्दछ। प्रमिशरी नोटको रुपमा जारी भएको बचतपत्र घरायसी दरपीठ गरी खरिद-बिक्री गर्न सकिन्छ भने स्टकको रुपमा जारी भएको बचतपत्र बिक्री गर्नु परेमा बिक्रीकर्ता र खरिदकर्ता राष्ट्रऋण व्यवस्थापन विभाग वा बजार निर्माताको कार्यालयहरुमा गई दस्तखत प्रमाणित गराए पश्चात् मात्र खरिद-बिक्री गर्न सकिन्छ।

९. फारम भर्दा खरिदकर्ताले पहिले बचतपत्र खरिद गरेको वा नगरेको खुलाउनु पर्दछ। पहिले खरिद गरेको भए र प्रमाणपत्रमा पोर्टफोलियो नम्बर दिइएको भए सो पोर्टफोलियो नम्बर फारमको तोकिएको महलमा उल्लेख गर्नुपर्दछ। पोर्टफोलियो नम्बर भन्नाले बचतपत्र खरिदकर्ताको राष्ट्रऋण व्यवस्थापन विभागमा रहेको व्यक्तिगत ग्राहक पहिचान नम्बर बुझिन्छ। २०७१ साल पछि जारी गरिएका प्रमाणपत्रहरुमा उक्त पोर्टफोलियो नम्बर दिइएको छ।

१०. बचतपत्र खरिद गर्ने व्यक्तिले फारममा आफ्नो नाम देवनागरी र अंग्रेजीमा उल्लेख गरी आफ्नो सम्पर्क टेलिफोन नम्बर, नेपाली नागरिकताको प्रमाणपत्र नम्बर र नागरिकता जारी भएको जिल्ला उल्लेख गर्नुपर्दछ।

Scanned with CamScanner

(च) **दुई वा दुई भन्दा बढी व्यक्तिको संयुक्त नाममा खरिद गर्नुपरेमा**

११. दुई वा दुई भन्दा बढी व्यक्तिको संयुक्त नाममा पनि बचतपत्र खरिद गर्न सकिन्छ ।

१२. दुई वा दुई भन्दा बढी व्यक्तिले संयुक्तरुपमा बचतपत्र खरिद गर्दा नामको बीचमा "र" अथवा "वा" राखी खरिद गर्न सकिन्छ ।

१३. दुई वा दुई भन्दा बढी व्यक्तिले संयुक्तरुपमा बचतपत्र खरिद गर्दा आवेदन फाराममा खरिदकर्ता सबैले दस्तखत गर्नुपर्दछ ।

*नोट : दुई वा दुई भन्दा बढीको नामको बीचमा "र" राखी बचतपत्र खरिद गरेमा खरिद गर्ने व्यक्तिहरुले बचतपत्रको साँवा तथा ब्याज भुक्तानी र बिक्री सम्बन्धी कारोबार संयुक्त रुपमा गर्नुपर्ने हुन्छ भने "वा" राखी बचतपत्र खरिद गरेमा खरिदकर्तामध्ये एक जना व्यक्तिले मात्र पनि बचतपत्रको उक्त कारोबार गर्न सकिने हुन्छ ।*

(छ) **नाबालकको नाममा नागरिक बचतपत्र खरिद गर्नु परेमा**

१४. आफू संरक्षक बसी नाबालकको नाममा पनि बचतपत्र खरिद गर्न पाईन्छ । आवेदन फाराममा संरक्षकले हस्ताक्षर गर्नुपर्दछ ।

१५. नाबालकको आमा वा बुवा नभएको अवस्थामा अन्य व्यक्ति संरक्षक बस्न चाहेमा स्थानीय निकायको सिफारिशमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो नाबालक व्यक्तिको निज संरक्षक भएको व्यहोरा प्रमाणित गरिदिएको पत्रको आधारमा अन्य व्यक्ति पनि नाबालकको संरक्षक बसी नागरिक बचतपत्र खरिद गर्न पाईन्छ ।

(ज) **लेखपढ गर्न नजान्ने व्यक्तिले नागरिक बचतपत्र खरिद गर्नु परेमा**

१६. लेखपढ गर्न नजान्ने व्यक्तिले पनि नागरिक बचतपत्र खरिद गर्न सक्दछन् ।

१७. लेखपढ गर्न नजान्ने व्यक्तिले आवेदन फाराममा अन्य व्यहोरा माथि उल्लेख गरिए बमोजिम भर्न लगाई दस्तखत महलमा दुबै हातको बुढी औंलाको ल्याप्चे सहीछाप लगाउनु पर्दछ ।

१८. यस्ता आवेदकहरुलाई नागरिक बचतपत्रको स्टक प्रमाणपत्र मात्र उपलब्ध गराइन्छ ।

(झ) **आवेदनसाथ पेश गर्नुपर्ने कागजात**

१९. आवेदनसाथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्दछ ।

२०. संयुक्त नाममा खरिद गर्नुपर्ने अवस्थामा खरिदकर्ता सबै व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्दछ ।

२१. संरक्षक भई नाबालकको नाममा बचतपत्र खरिद गर्दा नाबालकको नाम र जन्म मिति खुलेको जन्मदर्ता प्रमाणपत्रका साथै संरक्षक स्वयम्को नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्दछ ।

२२. लेखपढ गर्न नजान्ने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिका अतिरिक्त एक प्रति पासपोर्ट साइजको फोटो पनि पेश गर्नुपर्दछ । एक भन्दा बढी थान बचतपत्रको प्रमाणपत्र लिने हो भने प्रत्येक थान प्रमाणपत्रको लागि एक/एक प्रति थप फोटो पेश गर्नुपर्दछ ।

२३. आवेदनसाथ पेश गरिएको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिलाई आवेदक वा संरक्षक स्वयम्ले प्रमाणित गरेको हुनुपर्दछ ।

(ञ) **खरिद सीमा**

२४. नागरिक बचतपत्र न्यूनतम दश हजार रुपैयाँ र बढीमा दश हजार रुपैंयाँले भाग गर्दा नि:शेष भाग जाने गरी कुल आह्वान रकमसम्म खरिद गर्न सकिन्छ ।

(ट) **रकम बुझेको रसिद दिनुपर्ने**

२५. बजार निर्माता (विक्रेता) ले खरिदकर्ताबाट आवेदन र आवेदन फाराममा उल्लेख भए बमोजिमको रकम बुझिलिए पछि सोको प्रमाण स्वरुप खरिदकर्तालाई रसिद दिनु पर्दछ । उक्त रसिद पेश गरेपछि मात्र बचतपत्रको प्रमाणपत्र उपलब्ध गराउनु पर्दछ ।

Scanned with CamScanner

(ठ) **खरिदकर्ताबाट संकलन भएको रकम नेपाल राष्ट्र बैंकमा जम्मा गर्ने सम्बन्धी व्यवस्था (बजार निर्माताका शाखा कार्यालयहरुको लागि समेत)**

२६. बजार निर्माताले प्रत्येक दिन खरिदकर्ताहरुको आवेदनसाथ प्राप्त रकम र अन्य विवरण अनुसूचि-२ मा दिइएको फाराममा उल्लेख भए बमोजिम दुईजनाको आधिकारिक दस्तखत सहित सोही दिन राष्ट्रऋण व्यवस्थापन विभागको फ्याक्स नं.०१-४१०१७४१ मा अपरान्ह ३:३० बजे भित्र फ्याक्स गर्नुका साथै फोन नं ०१-४१०१७३७ मा फोन गरी कन्फर्म गर्नुपर्दछ । सो फारमको सफ्टकपि राष्ट्रऋण व्यवस्थापन विभागको ईमेल ठेगाना pdm@nrb.org.np मा पनि अनिवार्यरुपले पठाउनु पर्दछ ।

२७. यसरी माथि उल्लेखित समयभित्र सो फारम फ्याक्स मार्फत प्राप्त भएपछि यस विभागबाट सम्बन्धित बजार निर्माताको नेपाल राष्ट्र बैंकमा रहेको खाता नं. xxxxxxx/०४१-०००-५२४ खर्च र नागरिक बचतपत्र आवेदन खाता नं. १२०००००/०१५-१११-५२४ जम्मा गरी आवश्यक हिसाव-मिलान गरिन्छ ।

(ड) **आवेदन फारम र संकलित कागजात राष्ट्रऋण व्यवस्थापन विभागमा पठाउनु पर्ने**

२८. काठमाण्डौ उपत्यका भित्रका बजार निर्माताले बचतपत्र खरिदकर्ताहरुवाट संकलित आवेदन फारम र संलग्न कागजात नागरिक बचतपत्रको बिक्री बन्द भएको मितिको भोलिपल्टसम्म विवरण सहित राष्ट्रऋण व्यवस्थापन विभागमा पुग्नेगरी एकमुष्ट रुपमा पठाउनु पर्दछ ।

२९. काठमाण्डौं उपत्यका बाहिरका बजार निर्माताले खरिदकर्ताहरुबाट संकलित फारम र अन्य कागजात स्क्यान गरी दैनिक रुपमा राष्ट्रऋण व्यवस्थापन विभागको ईमेल ठेगाना (pdm@nrb.org.np) मा पठाउन सक्नेछन् । बिक्री बन्द भइसकेपछि भने संकलित कागजातहरु एकमुष्ट रुपमा छिटो साधनबाट सुरक्षित तवरले विभागमा पठाउनु पर्दछ ।

(ढ) **बचतपत्रको बाँडफाँट**

३०. नागरिक बचतपत्रको बाँडफाँट खुला बजार संचालन समितिको निर्णयानुसार गरिन्छ ।

३१. रीतपूर्वक पेश हुन आएका आवेदकहरुको नाममा मात्र बचतपत्र निष्कासन गरिन्छ । रीत नपुगेका आवेदनहरुलाई अस्वीकृत गरिन्छ ।

३२. अस्वीकृत आवेदकहरुको रकम वचतपत्र निष्कासन मिति पश्चात् ७ दिनभित्र खरिद गरेको संस्था मार्फत बिना ब्याज फिर्ता गरिन्छ ।

(ण) **प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जा**

३३. नागरिक बचतपत्रको प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जा तयार भएपछि वचतपत्र विक्री गर्ने कार्यालय मार्फत खरिदकर्तालाई उपलब्ध गराइन्छ । प्रमाणपत्र वितरण सम्बन्धी सूचना यस बैंकको वेबसाईट www.nrb.org.np मा उपलब्ध हुन्छ ।

३४. बिक्रेताले खरिदकर्तालाई नागरिक बचतपत्रको प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जा प्रदान गर्दा साँवा प्रमाणपत्रको अग्रभागमा धनीको दस्तखत भन्ने स्थानमा बचतपत्र धनीको दस्तखत गराउनु पर्दछ । सो क्रममा बचतपत्र खरिदको लागि आवेदन गर्दा उपलब्ध गराएको रसिद (रकम बुझाएको) फिर्ता बुझि लिनु पर्दछ ।

(त) **दोस्रो बजार कारोबार**

३५. नागरिक बचतपत्रको दोस्रो बजार कारोबार अर्थात बचतपत्रको शुरु निष्कासन पछिको खरिद-बिक्री कारोबार वजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्था (शाखा कार्यालयहरुवाट समेत) र काठमाण्डौं उपत्यका वाहिरका नेपाल राष्ट्र बैंकका कार्यालयहरु मार्फत गर्न सकिन्छ ।

(थ) **अन्य व्यवस्था**

३६. नागरिक बचतपत्रको निष्कासन, विक्री वितरण तथा बाँडफाँट सम्वन्धी अन्य व्यवस्था प्रचलित ऐन, नियमका साथै खुला बजार संचालन समितिको निर्णय एवम् नेपाल सरकारले समय-समयमा तोके बमोजिम हुन्छ ।

*****

Scanned with CamScanner

# अनुसूचि-१

## नागरिक बचतपत्र खरिदको लागि आवेदन फारम

मितिः ........................

**नेपाल राष्ट्र बैंक**
**राष्ट्रऋण व्यवस्थापन विभाग**
**थापाथली, काठमाडौं ।**

महाशय,

नेपाल राष्ट्र बैंकबाट हालै प्रकाशित सूचना अनुसारको नागरिक बचतपत्र खरिद गर्न ईच्छा भएकोले नगद रु............................ (अक्षरेपि ................................................................ मात्र) बुझाई यो आवेदन दिएको छु/छौं । निम्न अनुसारको बचतपत्र मेरो/हाम्रो नाममा निष्कासन गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

**....... प्रतिशत नागरिक बचतपत्र ............ (... वर्षे)**

| किसिम | दर | थान | जम्मा रकम रु. | रकम अक्षरमा |
|---|---|---|---|---|
| (क) प्रमिशरी नोट* | | | | |
| (ख) स्टक* | | | | |
| (ग) पहिले बचतपत्र खरिद गरेको/नगरेको : | | | | |
| (घ) खरिद गरेको भए पोर्टफोलियो नम्बर : | | | | |

* *प्रमिशरी नोट भन्नाले घरायसी दरपीठ गरी खरिद-बिक्री गर्न सकिने बचतपत्र बुझिन्छ भने स्टक भन्नाले त्यसरी खरिद-बिक्री गर्न नसकिने बचतपत्र बुझिन्छ । स्टक बचतपत्र खरिद-बिक्री गर्नु परेमा खरिद-बिक्रीकर्ता दुबै राष्ट्रऋण व्यवस्थापन विभाग वा बजार निर्माताका कार्यालयहरुमा गई दस्तखत प्रमाणित गराउनु पर्दछ ।*

........................
दस्तखत

| | |
|---|---|
| नाम (देवनागरीमा): | अंग्रेजीमा : |
| ठेगाना : | |
| नागरिकताको प्रमाणपत्र नं./जिल्ला : | मोबाइल/टेलिफोन नं. : |

**सयुक्त नाममा खरिद गर्ने भए**

| | |
|---|---|
| ☐ र ☐ वा (कुनै एक कोष्ठमा √ चिनो लगाउनुहोस्) | |
| नाम (देवनागरीमा): | नाम (देवनागरीमा): |
| नाम अंग्रेजीमा : | नाम अंग्रेजीमा : |
| ठेगाना : | ठेगाना : |
| मोबाइल/टेलिफोन नं. : | मोबाइल/टेलिफोन नं. : |
| नागरिकताको प्रमाणपत्र नं./जिल्ला : | नागरिकताको प्रमाणपत्र नं./जिल्ला : |

**नाबालकको नाममा खरिद गर्ने भएमा**

| | |
|---|---|
| नाबालकको नाम (देवनागरीमा): | अंग्रेजीमा : |
| सरक्षकको नाम (देवनागरीमा): | अंग्रेजीमा : |
| सरक्षकको ठेगाना : | |
| संरक्षकको नागरिकताको प्रमाणपत्र नं./जिल्ला : | संरक्षकको मोबाइल/टेलिफोन नं. : |
| *खरिदकर्तालि आवेदन फारमसाथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्दछ । नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र पेश गर्नुपर्दछ ।* | |

आवेदन बुझिलिने कार्यालयले भर्ने

कार्यालयको छाप

कार्यालयको नाम : .........................................................................................

स्थान : ........................................ मिति : ..........................

माथि आवेदनमा उल्लेख भए बमोजिमको रु. ............... (अक्षरेपि .......................... .............................. मात्र) यस कार्यालयमा दाखिला भएको रकम नेपाल राष्ट्र बैक, बैंकिङ्ग कार्यालय, काठमाडौंस्थित खाता नम्बर १२०००००/०१५-१११-५२४ मा जम्मा हुनेगरी ट्रान्सफर गरिएको व्यहोरा प्रमाणित गरिन्छ ।

| ........................ | ........................ | ........................ |
|---|---|---|
| सहायक | अधिकृत | कार्यालय प्रमुख |

Scanned with CamScanner

## अनुसूचि-२

### स्व-घोषणापत्र

स्थायी ठेगाना ... ... ... ... ... ... ... ... ... मा बस्ने श्री ... ... ... ... ... ... ... ... ... ... को नाती/नातिनी श्री ... ... ... ... ... ... ... ... ... ... ... ... को छोरा/छोरी/पत्नी नागरिकताको प्रमाणपत्र नं./जिल्ला ... ... ... ... को वर्ष ... ... को म, ... ... ... ... ... ... ... ... ... ... ... ... र मेरा सगोलका परिवारका सदस्यले नेपालको कुनै पनि बैंक तथा वित्तीय संस्थासंग कर्जा लिई आजका मितिसम्म नियतवस ऋण नतिर्ने कार्य गरेको छैन । यदि मैले माथि भनेको कुरा झुठ्ठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला ।

दस्तखत:

मितिः २०..../..../....

Scanned with CamScanner

## अनुसूचि-३

### नागरिक बचतपत्र बिक्री रकमको विवरण

बजार निर्माता/बिक्रेता कार्यालयको नाम .... ... ... ... ... ... ... ... ... ... ... ... ... .. ... ...    ठेगाना ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

सम्पर्क व्यक्तिको नाम तथा फोन नं. ... ... ... ... ... ... ... ... ... ... ... ... ...    कारोबार मिति :........................

| क्र.सं. | आवेदनकर्ताको नाम | ठेगाना | पोर्टफोलियो नं. | नागरिकता नं. | जारी भएको जिल्ला | खरिदकर्ताको फोन नम्बर | खरिद रकम रु. | माग भएको प्रमाणपत्र थान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | कुल रकम रु. | | |

माथि उल्लेखित नागरिक बचतपत्र खरिदकर्ताहरुबाट आजका मितिमा प्राप्त कुल रकम रु......................(अक्षरेपि रु...........................................................मात्र) त्यस बैंकस्थित हाम्रो खाता नं. xxxxxxx/०४१-०००-५२४ मा खर्च गरी आवश्यक हिसाव मिलान गर्नुहुन अनुरोध छ ।

अधिकृत    कार्यालय प्रमुख    कार्यालयको छाप

*नोट :*

*१. उक्त फारम भर्दा अक्षर Preeti फण्टमा र अंक Fontasi Himali फण्टमा टाईप गर्नुपर्नेछ ।*

*२. नेपाल राष्ट्र बैंकका काठमाण्डौं उपत्यका बाहिरका कार्यालयहरुले नागरिक बचतपत्र खरिद बापतको रकम सिधै नागरिक बचतपत्र आवेदन खातामा जम्मा गर्नुपर्ने भएकोले उपरोक्त बमोजिम खाता नम्बर उल्लेख गर्नु पर्दैन ।*

Scanned with CamScanner

अनुसूचि-४

बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरुको नामावली

| इजाजतपत्र नम्बर | संस्थाको नाम | हालको अवस्था |
|---|---|---|
| १. | श्री मेगा बैंक नेपाल लिमिटेड, काठमाण्डौं | |
| २. | लक्ष्मी बैंक लिमिटेड, काठमाण्डौं | |
| ३. | सिभिल बैंक लिमिटेड, काठमाण्डौं | |
| ४. | नविल बैंक लिमिटेड, काठमाडौं | |
| ५. | सिटिजन्स् बैंक इण्टरनेशनल लिमिटेड, काठमाण्डौं | |
| ६. | सिद्धार्थ बैंक लिमिटेड, काठमाण्डौं | |
| ७. | बैंक अफ काठमाडौं लिमिटेड, काठमाण्डौं | |
| ८. | प्रभु बैंक लिमिटेड, काठमाण्डौं | |
| ९. | सन्राइज बैंक लिमिटेड, काठमाण्डौं | |
| १०. | सेञ्चुरी कमर्सियल बैंक लिमिटेड, काठमाण्डौं | |
| ११. | नेपाल बंगलादेश बैंक लिमिटेड, काठमाण्डौं | |
| १२. | एनएमबी बैंक लिमिटेड, काठमाण्डौं | |
| १३. | सानिमा बैंक लिमिटेड, काठमाण्डौं | |
| १४. | जनता बैंक नेपाल लिमिटेड, काठमाण्डौं | ग्लोवल आइएमई बैंक लिमिटेडमा मर्ज भएको |
| १५. | कृषि विकास बैंक लिमिटेड, काठमाण्डौं | |
| १६. | माछापुच्छ्रे बैंक लिमिटेड, काठमाण्डौं | |
| १७. | एनआईसी एशिया बैंक लिमिटेड, काठमाण्डौं | |
| १८. | प्राइम कमर्सियल बैंक लिमिटेड, काठमाण्डौं | |
| १९. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, काठमाण्डौं | |
| २०. | कैलाश विकास बैंक लिमिटेड, काठमाण्डौं | प्राइम कमर्सियल बैंक लिमिटेडमा मर्ज भएको |
| २१. | देवः विकास बैंक लिमिटेड, काठमाण्डौं | |
| २२. | कुमारी बैंक लिमिटेड, काठमाण्डौं | |
| २३. | सांग्रीला डेभलपमेन्ट बैंक लिमिटेड, काठमाण्डौं | |
| २४. | ओम डेभलपमेन्ट बैंक लिमिटेड लिमिटेड, पोखरा | एनएमवि बैंक लिमिटडमा मर्ज भएको |
| २५. | भार्गव विकास बैंक लिमिटेड, नेपालगञ्ज | साइनरेसुंगा विकास बैकमा मर्ज भएको |
| २६. | महालक्ष्मी विकास बैंक लिमिटेड, काठमाण्डौं | |
| २७. | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड, ललितपुर | |

Scanned with CamScanner

## अनुसूचि-४

### बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरुको नामावली

| | | |
|---|---|---|
| २८. | आईसीएफसी फाइनान्स लिमिटेड, काठमाण्डौं | |
| २९. | गुडविल फाइनान्स लिमिटेड, काठमाण्डौं | |
| ३०. | नागरिक लगानी कोष, काठमाण्डौं | |
| ३१. | नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, काठमाण्डौं | |
| ३२. | ग्लोवल आइएमई बैंक लिमिटेड, काठमाडौं | |
| ३३. | एक्सेल डेभलपमेण्ट बैंक लि., झापा | |
| ३४. | सेन्ट्रल फाइनान्स लिमिटेड, ललितपुर | |
| ३५. | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड, काठमाण्डौं | |
| ३६ | मुक्तिनाथ विकास बैंक लिमिटेड | |
| ३७ | गोर्खाज फाइनान्स कम्पनी लिमिटेड | |

Scanned with CamScanner